**नेपाल सरकार**

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचना**

**सूचना १**

नेपाल सरकारले फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १६९ ले दिएको अधिकार प्रयोग गरी मुलुकी अपराध (संहिता) ऐन, २०७४ अन्तर्गतका देहाय बमोजिमका मुद्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले हेर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(१) दफा ७३ बमोजिम आवश्यक वस्तु तोडफोड वा हानि नोक्सानी गरे बापत थप सजाय हुने अवस्थामा बाहेक दफा ६०, ६१, ६४, ६५ को उपदफा (१) र (२), ६६, ६९, ७०, ७१ र ७२ बमोजिमको कसूर सम्बन्धी मुद्दा,

(२) दफा ८४, ८५, ८६, ८७, ११३, ११६, ११७, ११८, १२२, १२३, १२४, १२५ (उपदफा (४) बाहेक), १६५, २९० र २९१ बमोजिमको कसूर सम्बन्धी मुद्दा,

(३) प्रकरण (१) र (२) मा उल्लिखित मुद्दासँग सम्बन्धित दफा ७५, ७६, ७७, ७८, ७९, ८०, ८२, ८३, ९८ र १०० बमोजिमको कसूर सम्बन्धी मुद्दा,

(४) प्रकरण (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित जिल्ला अदालतले हेर्ने मुद्दासँगै सो प्रकरणमा उल्लिखित मुद्दा समेत हेर्नु पर्ने भएमा त्यस्तो मुद्दा सम्बन्धित जिल्ला अदालतले नै हेर्ने ।

**सूचना २**

नेपाल सरकारले मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ८० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी दर्ताद्वारा विवाह गर्दा त्यस्तो विवाहका पक्षहरुलाई दिईने विवाह दर्ताको प्रमाणपत्रको ढाँचा देहाय बमोजिम हुने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छः-

**श्री ………………… जिल्ला अदालत**

**<u>विवाह दर्ताको प्रमाणपत्र</u>**

श्री ……………………….. *(बाजे बजैको नाम)* को नाती श्री ………………………………. *(आमा बुवाको नाम)* को छोरा ………………….. *(ठेगाना)* बस्ने वर्ष ……….को श्री ……………………….*(विवाह गर्ने पुरूषको नाम)* र श्री ……………………. *(बाजे बजैको नाम)* को नातिनी श्री …………………………… *(आमा बुवाको नाम)* को छोरी ………………….. *(ठेगाना)* बस्ने वर्ष ……….को श्री ……………………… *(विवाह गर्ने महिलाको नाम)* ले मिति ……………….मा यस अदालतमा उपस्थित भई मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ७७ बमोजिम दर्ताद्वारा विवाह गर्न निवेदन दिएको र एक अर्कालाई पति पत्नीको रुपमा स्वीकार गर्न मञ्जुर गरेकाले निजहरुबीच दर्ताद्वारा विवाह हुने मिति ………….मा निर्णय भएकोले श्री……………………………….र श्रीमती …………………… लाई सोही ऐनको दफा ८० को उपदफा (२) बमोजिम यो विवाह दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ।

| *(विवाह गर्ने पुरूषको फोटो)* | *(विवाह गर्ने महिलाको फोटो)* |
|---|---|
| पति | पत्नी |

मिति …………….

अदालतको छाप

**<u>प्रमाणपत्र प्रदान गर्ने अधिकृतको,</u>-**

दस्तखत :

नाम, थरः

पदः

आज्ञाले,

राजीव गौतम

नेपाल सरकारको सचिव